नेपाल सरकार

# राष्ट्रिय पुनर्निर्माण प्राधिकरण

(गुनासो व्यवस्थापन तथा समन्वय शाखा)

सिंहदरबार, काठमाडौं ।

फोन : ०१-४२११९०३

पत्र संख्या: २०७५।७६ (ग्रि-६)

च.नं.: ९८

मितिः- २०७५/०७/१२

**श्री केन्द्रीय आयोजना कार्यान्वयन इकाई,**
**(अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार)**
**ज्वागल, ललितपुर**

विषयः <u>निर्णय कार्यान्वयन गर्ने बारे।</u>

राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, कार्यकारी समितिको मिति २०७५।०६।२१ गते बसेको ११२ औं बैठकको निर्णयको प्रतिलिपि संलग्न छ । उक्त बैठकको निर्णय नं.९ तथा सोको तालिका- २ (जस अन्तर्गत MIS बाट स्वीकृत लाभग्राही/गैरलाभग्राही सूचीको सफ्ट कपि समेत पठाईएको) कार्यान्वयन गर्नु गराउनु हुन निर्णयानुसार अनुरोध छ । साथै लाभग्राही सूचीको Reason मा Legal उल्लेखित लाभग्राहीहरुको सम्बन्धित स्थानीय तहले सम्झौता गर्नु अघि पुनः जाँचबुझ (स्थलगत तथा प्रमाण कागजातको) गर्ने गराउने व्यवस्था मिलाउनु हुन समेत निर्देशानुसार अनुरोध छ ।
(नोटः लाभग्राहीसँग सम्झौता गर्दा कार्यकारी समितिको १०३औं बैठकको निर्णय नं२(४)का निर्देशनहरु बमोजिम गर्नु गराउनु हुन समेत अनुरोध छ ।)

**(लालबहादुर बस्नेत)**
शाखा अधिकृत

**बोधार्थः**
श्री जिल्ला आयोजना कार्यान्वयन इकाई,
(अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार)
काठमाडौं/भक्तपुर/रसुवा/ललितपुर/नुवाकोट/धादिङ/सिन्धुली/ओखलढुंगा/मकवानपुर/रामेछाप/काभ्रेपलान्चोक/गोरखा
श्री सूचना व्यवस्थापन शाखा
राष्ट्रिय पुनर्निर्माण प्राधिकरण

## राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको कार्यकारी समितिको ११२औं बैठकको निर्णयहरु

स्थान:- राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका प्रमुख कार्यकारी अधिकृतको कार्यकक्ष, सिंहदरबार ।

मिति :- २०७५।०६।२१ गते आइतबार

समय:- विहान ०९:०० बजे

निर्णय नं. १

विषय: भौगर्भिक अध्ययनबाट प्राप्त विभिन्न जिल्लाका विभिन्न स्थानहरुको वर्गीकरणलाई स्वीकृति प्रदान गर्ने सम्बन्धमा।

२०७२ साल बैशाख १२ गते गएको भूकम्प र त्यसपछाडी विभिन्न मितिमा गएका पराकम्पहरु पश्चात् जोखिमयुक्त वस्तीहरुलाई असर पर्न गयो भनि जिल्लास्थित दैविप्रकोप उद्धार समितिबाट पत्र लेखि आएको र यस प्राधिकरण वा अन्तर्गतका जिल्लास्थित सचिवालयहरुमा निवेदनहरु पर्न आएको । यीनै पत्र र निवेदनहरुको आधारमा पुनर्निर्माण प्राधिकरणबाट खटिएका भूगर्भविद सहितका अध्ययन टोलीबाट बागलुङ्ग, धादिङ, मकवानपुर, म्याग्दी, नुवाकोट, पर्वत, रसुवा, र सिन्धुपाल्चोक गरी ८ जिल्लाका १४ स्थानहरुको अध्ययन प्रतिवेदन प्राप्त भएको छ । उक्त प्रतिवेदनमा विभिन्न जिल्लाका विभिन्न ठाउँहरुलाई जोखिमको आधारमा वर्गीकरण (Category II, III) गरिएको छ । प्रतिवेदनमा उल्लेखित वर्गीकरणलाई कार्यकारी समितिबाट स्वीकृति गर्नुपर्ने भएको छ ।

भौगर्भिक अध्ययनको लागि खटिएको अध्ययन टोलीबाट पेश हुन आएको विवरणलाई जोखिमयुक्त वस्तीको भौगर्भिक अध्ययन सम्बन्धी उपसमितिका संयोजक एवं यस प्राधिकरणका कार्यकारी समिति सदस्य श्री ध्रुवप्रसाद शर्माको संयोजकत्वमा बसेको बैठकले स्वीकृतिको लागि कार्यकारी समितिमा पेश गर्न सिफारिश गरेको छ ।

माथि उल्लेख भए बमोजिम विभिन्न जिल्लाका विभिन्न स्थानलाई जोखिमको आधारमा गरिएको वर्गीकरणलाई स्वीकृति प्रदान गर्नुपर्ने भएको छ । "जोखिमयुक्त वस्ती स्थानान्तरण तथा पुनर्स्थापना सम्बन्धी कार्यविधि, २०७३" को बुँदा १ बमोजिमको वर्गीकरणको स्वीकृति कार्यकारी समितिबाट हुनुपर्ने भएकोले स्वीकृतिका लागि पेश भएको प्रस्ताव उपर छलफल हुँदा देहायको निर्णय गरियो ।

निर्णय

यसैसाथ संलग्न अनुसूची-१ अनुसारको भौगर्भिक अध्ययन प्रतिवेदनमा उल्लेख भए अनुसार जिल्लाका विभिन्न स्थानहरुको वर्गीकरणलाई स्वीकृति प्रदान गर्ने ।

सचिव

बिधालय भवन पुनर्निर्माणको लागि The British School नामक संस्थाबाट माथि उल्लेख भए बमोजिमको प्रस्ताव गैर सरकारी संस्था परिचालन सम्बन्धि कार्यविधि २०७२ बमोजिम स्वीकृतिका लागि पेश भएको प्रस्ताव उपर छलफल हुँदा देहायको निर्णय गरियो ।

निर्णय

यसै साथ संग्लग्न अनुसूची-६ बमोजिमको The British School नामक संस्थाको बिधालय भवन पुनर्निर्माण गर्ने प्रस्ताव स्वीकृत गर्ने ।

निर्णय नं. ९

बिषयः छुट तथा पुनसर्भेक्षणबाट प्राप्त विवरण विश्लेषणको आधारमा गुनासोकर्तालाई लाभग्राही तथा गैरलाभग्राही कायम गर्ने ।

भूकम्पबाट प्रभावित निजी आवास पुनर्निर्माण अनुदान प्राप्त गर्न नसकी गुनासो दर्ता गराएका भूकम्प प्रभावित व्यक्तिहरुको सम्बन्धमा कार्यकारी समितिको निर्णय अनुसार छुट सर्भेक्षण र पुनःजाँच निरिक्षण गरी इन्जिनियरहरुबाट MIS मा प्राप्त भएका तथ्यांकहरुकोविश्लेषण गरी लाभग्राही/ गैरलाभग्राही कायम गर्न सिफारिश भएका८१२५ गुनासोको विवरणतयार पारिएको छ । उक्त विवरणमा उल्लेख भएका गुनासोकर्ताहरुलाई लाभग्राही/गैरलाभग्राही कायम गर्नुपर्ने भएको छ ।

छुट तथा पुनःजाँच सर्भेक्षण गरी इन्जिनियरहरुबाट MIS मा प्राप्त भएका गुनासोहरुको विश्लेषण विवरणको आधारमा कार्यकारी समितिबाट हालसम्म कुल १११९७६गुनासाको निर्णय भईसकेको जसमा ४२२९४पूर्ण लाभग्राही,३५४५९ प्रवलिकरण लाभग्राही (Retrofitting Beneficiary),२८३९४गैरलाभग्राही कायम भएको र गुनासोकर्ताहरु मध्ये ५०२९ पहिले नै लाभग्राहीमा परिसकेको देखिन्छ । बाँकी रहेका गुनासाहरु मध्ये निजी आवास पुनर्निर्माण अनुदान वितरण पहिलो संशोधन (कार्यविधि), २०७३ को दफा ३ (१क) बमोजिम लाभग्राही कायम गर्न गठित केन्द्रीय गुनासो व्यवस्थापन समितिको मिति २०७५।०६।१० को बैठकबाट ८१२५ गुनासोकर्ताहरुको निर्णयका लागि पुनर्निर्माण सम्बन्धी गुनासो व्यवस्थापन कार्यविधिको दफा १२ (३क) बमोजिम सिफारिश भएको छ।

माथि उल्लेख भए बमोजिम लाभग्राही तथा गैरलाभग्राही कायम गर्नु आवश्यक भएको र सो बिषयको निर्णयमा कार्यकारी समितिको स्वीकृति आवश्यक पर्ने भएकोले स्वीकृतिका लागि पेश भएको प्रस्ताव उपर छलफल हुँदा देहायको निर्णय गरियो ।

निर्णय

छुट तथा पुनजाँच सर्वेक्षणबाट प्राप्त तथ्यांकहरुको छानविन गरी प्राप्त विभिन्न जिल्लाका तालिका-२ मा उल्लेखित १२ वटा जिल्लाका १८७ गुनासोकर्तालाई पुनर्निर्माण लाभग्राही,११३ गुनासोकर्तालाई सम्भाव्य

सचिव

लाभग्राही,१९४३ गुनासोकर्तालाई प्रवलिकरण लाभग्राही र ५८७९ गुनासोकर्तालाई गैरलाभग्राही कायम गर्ने ।

निर्णय नं. १०

विषयः झ्याडीटोल एकीकृत माझी वस्ती विकासको प्रारम्भिक योजना स्वीकृति सम्बन्धमा ।

सिन्धुपाल्चोक जिल्ला चौतारा साँगाचोक गढी नगरपालिका वडा नं. १४, झ्याडीटोलस्थित माझी वस्तीमा श्वेता श्री फाउण्डेशनको सहयोगमा झ्याडीटोल सुधार समितिद्वारा ५६ घरधुरी समेट्ने गरी राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको "एकीकृत वस्ती विकास सम्बन्धी कार्यविधि, २०७४" को दफा ६ को उपदफा (१) बमोजिम अवधारणा नक्सा र सम्पूर्ण कागजात सहित एकीकृत वस्ती विकासको प्रारम्भिक योजना प्रतिवेदन तयार गरी स्वीकृतिको लागि प्रस्ताव पेश भएको छ।

राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, जग्गा व्यवस्थापन तथा भौगर्भिक अध्ययन शाखाबाट उक्त प्रस्तावित स्थानमा वस्ती विकास गर्न सुरक्षित रहेको प्रतिवेदन पेश भएको छ। प्रस्तावित एकीकृत वस्तीमा सडकको पहुँच रहेको छ। वस्ती भित्रको सडक, ढल सहितको पूर्वाधार निर्माण गर्दा वस्ती बस्नका लागि उपयोगी हुने देखिन्छ। वस्ती ५६ वटा प्लटहरु रहने साथै सामुदायिक भवन र खुल्ला क्षेत्र सहित प्रतिवेदन पेश भएको छ। एकीकृत वस्ती विकास गर्न स्थानीयवासी तथा सरोकारवाला निकायबाट बारम्बार ताकेता भई आएको छ। ५६ घरधुरी भूकम्पपीडितहरुको लागि सेवा सुविधायुक्त वस्ती विकास हुने र सुविधायुक्त जीवनयापन गर्ने अवसर प्राप्त हुनेछ।

"एकीकृत वस्ती विकास सम्बन्धी कार्यविधि, २०७४" को दफा ७ बमोजिम प्रस्तावित योजनाहरुको स्वीकृति प्राधिकरणबाट हुने व्यवस्था भएकोले स्वीकृतिका लागि पेश भएको प्रस्ताव उपर छलफल हुँदा देहायको निर्णय गरियो ।

निर्णय

सिन्धुपाल्चोक जिल्ला चौतारा साँगाचोक गढी नगरपालिका वडा नं. १४, झ्याडीटोलस्थित माझी वस्तीमा भूकम्पपीडित घरपरिवारहरुको लागि "झ्याडीटोल एकीकृत माझी वस्ती विकास" को प्रारम्भिक योजना तर्जुमा प्रतिवेदन स्वीकृत गर्ने।

निर्णय नं. ११

विषयः फुयालगाउँ एकीकृत नमूना वस्ती विकासको प्रारम्भिक योजना स्वीकृति सम्बन्धमा ।

ओखलढुङ्गा जिल्ला मोलुङ गाउंपालिका वडा नं. ३ फुयालगाउँस्थित फुयालगाउँ एकीकृत नमूना वस्तीद्वारा १२ घरधुरी समेट्ने गरी राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको "एकीकृत वस्ती विकास सम्बन्धी कार्यविधि, २०७४" को दफा ६ को उपदफा (१) बमोजिम अवधारणा नक्सा र सम्पूर्ण कागजात सहित

छुट तथा पुनर्जाँच सर्भेक्षणबाट प्राप्त गुनासोको विश्लेषणबाट प्राप्त विभिन्न स्थानिय तहका लाभग्राही तथा गैरलाभग्राहीहरुको विवरण

| सि.नं | जिल्ला | गाउँपालिका/ नगरपालिका | पुनर्निर्माण लाभग्राही | सम्भाव्य लाभग्राही | जम्मा पुनर्निर्मर्ण लाभग्राही | प्रबलीकरण लाभग्राही | गैर लाभग्राही |
|---|---|---|---|---|---|---|---|
| १ | भक्तपुर | | ० | ० | ० | १ | ० |
| २ | धादिङ्ग | | ७ | ५ | १२ | ५३ | १४८ |
| ३ | गोरखा | | ३५ | ३२ | ६७ | ९५ | ४९० |
| ४ | काडमाडौं | | २ | १३ | १५ | २५ | २७७ |
| ५ | काभ्रेपलाञ्चोक | | ४ | ७ | ११ | २४ | ४८२ |
| ६ | मकवानपुर | | ५७ | ११ | ६८ | ९९८ | २२७१ |
| ७ | ओखलढुंगा | | ३ | २ | ५ | ६० | ० |
| ८ | रामेछाप | | २ | ५ | ७ | १५५ | ४४१ |
| ९ | सिन्धुली | | ७३ | १५ | ८८ | ५०५ | १४०९ |
| १० | ललितपुर | | १ | २१ | २२ | १२ | ६५ |
| ११ | नुवाकोट | | ३ | ५ | ८ | १४ | २९६ |
| १२ | रसुवा | | ० | ० | ० | १ | ० |
| जम्मा | | | १८७ | ११३ | ३०३ | १९४३ | ५८७९ |

सचिव